# नेपाल प्रहरीका परिक्षार्थीहरुद्धारा वित्तीय जानकारी इकाई-नेपालको स्थलगत भ्रमण

पारस्परिक मूल्याङ्कन तयारी सम्बन्धमा नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालयमा प्रशिक्षण लिइरहेका नेपाल प्रहरीका २५ जना सहभागीहरुले वित्तीय जानकारी इकाई-नेपालको स्थलगत भ्रमण गरेका थिए । मिति २०७८ मंसिर २८ गते भएको भ्रमणका क्रममा सहभागी तथा इकाईका प्रतिनिधीहरु बिच छलफल कार्यक्रम सम्पन्न भएको थियो । इकाईका प्रमुख/निर्देशक दीर्घ रावलले सहभागीहरुलाई स्वागत गर्दै इकाईको काम कर्तव्य, शंकास्पद कारोबार प्रतिवेदन विश्लेषणको निश्कर्ष प्रवाह (Dissemination), अनुसन्धानका क्रममा सोको प्रभावकारीता लगायतका विषयहरुमा छलफल गर्ने कार्यक्रमको उद्देश्य रहेको जानकारी दिँदै कार्यक्रम अघि बढाउनु भयो ।



नेपाल प्रहरीको तर्फबाट सहभागी भएका प्रहरी उपरीक्षकहरु, प्रहरी नायब उपरीक्षकहरु र प्रहरी निरीक्षकहरुले इकाईसँग सम्बन्धित विभिन्न विषयहरुमा जिज्ञासा राख्दै केही सुझाव तथा प्रतिक्रियाहरु दिनुभएको थियो । इकाईका निर्देशक तथा उप-निर्देशकहरुले सो जिज्ञासाको सम्बोधन गर्दै बढ्दै गएको वित्तीय अपराध, अनलाइन ठगी, नयाँ प्रवृति र प्रविधीको दुरुपयोग गरी भइरहेको अपराधहरुको निराकरण गर्न खेल्नुपर्ने भूमिका लगायतको विषयमा धारणा प्रस्तुत गर्नुभएको थियो । छलफल कार्यक्रमपछि इकाईको स्थलगत भ्रमण नेपाल प्रहरीको सहभागीहरुबाट भएको थियो ।